*मिति २०८०/०५/१६*

सम्माननीय प्रधानमन्त्री ज्यू,

प्रधानमन्त्रीको कार्यालय

सिंहदरबार, काठमाडौं ।

**बिषय : कार्यान्वयनका लागि ध्यानाकर्षण संबन्धमा ।**

उपरोक्त सम्बन्धमा बन्चरेडाँडा ल्याण्डफील्ड साइडले पारेको समस्या यस भेगका नागरिकले भेल्नु परेको समस्या र सरकारले पटकौंपटक यहाँका नागरीक संग गरेको संभौता माथि भएको बेवास्ता प्रति गंभिर ध्यानाकर्षण गराउँदै, त्याहाँको जनजिवनमा बर्सौ देखि पर्दै आएको नारकिय जिबन यातना समाधान नहुनु गंभिर दु:खको बिषय भएको छ । तसर्थ यसबारे सरकार बाट गरिएको संभौता तुरुन्त कार्यान्वयनको माग गर्द छौ ।

काठमाडौबाट नुवाकोट रसुवा र धादिङ जिल्लाको उत्तरी क्षेत्रका आम मानिसहरु आवतजावत गर्ने सबैभन्दा पुरानो मोटरबाटो बालाजु-रानीपौवा- पिपलटार जोड्ने (पासाङ ह्लामु) सडक विगत लामो समयदेखि निर्माण कार्य अवरुद्ध भई अलपत्र अवस्थामा रहेको र तिनवटै जिल्लाका सरोकारवाला आम जनसमुदायले असुबिधा व्योहोर्न बाध्य भइरहेको व्यहोरा हामीले मिति २०८०/१/१० मा सम्माननीय प्रधामन्त्री ज्यू मार्फत बजेट बिनियोजनको लागि अनुरोध गरेअनुरुप संबोधन नभई बालाजु रानीपौवा सम्म बजेट बिनियोजन भएको र रानीपौवा पिपलटार खण्ड छुटेको ब्यहोरा अवगत गराउन चाहन्छौ ।

यस सम्बन्धमा,

(नेपाल सरकारले बि.स. २०६९ सालको कार्यक्रममा भारतीय एक्जिम बैंकबाट प्राप्त सस्तो ब्याजको ऋण रकम रु. १ अरब ६० करोडभन्दा बढी विनियोजन गरी बि.स.२०७१ सालमा टेण्डर स्वीकृत भई निर्माण कार्य सुरु गरेको भए पनि लामो अवधि व्यतित भइसदा समेत निर्माण कार्य सम्पन्न गर्न नसकेको कारण रानीपौवा-पिपलटार खण्डको २ बर्षभन्दा अघि र बालाजु-रानीपौवा खण्ड करिब १ बर्षअघि नै ठेक्का सम्भौता रद्द भएको व्यहोरा पनि अवगत गराउन चाहन्छौ ।

उक्त सडक यस्तो अवस्थामा निर्माण कम्पनीहरुले गरेको ढिलासुस्ती तथा लार्पबाहीको साथै सरकारको नियमन गर्ने निकायहरुले खेल्नु पर्ने भूमिकामा कमि  एवम् एक्जिम बैंकको सर्त अनुसार नेपालको निर्माण कम्पनीले भारतीय निर्माण कम्पनीलाई ठेक्का साभेदारी बनाउन पर्ने र निर्माण कार्यमा प्रयोग हुने ५५ प्रतिशत निर्माण सामाग्री भारतीय बजारमा खरिद गर्नुपर्ने अनिवार्य व्यवस्थाले पनि निर्माण कार्यमा ढिलाई हुने गरेको स्पष्ट देखिएको छ । फेरी पनि यो सडक निर्माणको लागि एक्जिम बैंकको रकमको भर पर्ने हो भने सडकको अवस्था बिगतकै रुपमा पुनराबृद्धि हुने कुरा निश्चित देखिन्छ ।

**Project Information and Status of Ranipauwa-Pipaltar Section till Jan, 2022**

**बालाजु-रानीपौवा-त्रिशुली सडक (पासाङ् ल्हामु राजमार्ग) सुधार आयोजना हालसम्मको प्रगति बिबरण**

सम्झौतामा हस्ताक्षर भएको- २०७२ असार ७ गते ।

- निर्माण कार्यको थालनी- २०७२ फागुन २३ गतेदेखि ।
- सडकको जम्मा लम्बाई- ३४.०९० कि.मि. ।
- प्रारम्भिक काम सम्पन्न गर्ने म्याद- २०७४ फागुन २१ गते (७२० दिन)।
- निर्माण-अवधि पहिलोपटक थप- २०७४ फागुन २२ देखि २०७५ असोज १७ गते (२१२ दिनभित्र)।
- दोस्रोपटक निर्माण अवधि थप- २०७५ असोज १८ गतेदेखि २०७६ असोज २१ सम्म (३७० दिन)।
- तेस्रोपटक निर्माण अवधि थप- २०७७ पुस १४ सम्म ।
- जम्मा म्याद थप गरिएको दिन- ९९९ दिन ।
- जम्मा निर्माण अवधि दिन- १७२९ दिन ।

रानीपौवा पिपलटार खण्डलाइ यसै आथिर्क बर्षमा कार्य प्रारंभ हुने गरी आन्तरिक स्रोतबाट बजेट व्यवस्था गर्न बिशेष ध्यानाकर्षण गराउँदछौ । अन्यथा जनस्तरमा देखिएको असन्तुष्टि र यसक्षेत्रमा पर्न गएको अन्याय जनआवाज सशक्त रुपबाट प्रतिरोध हुने स्थिति रहेको पनि सम्मानानिय प्रधानमन्त्रीज्यू मा अबगत गराउन चाहान्छौ।

जिल्ला भित्रका केहि रणनैतिक सडकहरु बिशेष गरी बजेटमा छुटेको हुँदा आन्तरिक स्रोतबाट बजेट सुनिश्चित गर्न अनुरोध गर्दछौं ।

मध्यपहाडी लोकमार्ग अन्तरगत पाटिभन्ज्याङ –गंगटे–भ्याङभुरुङ सडक खण्ड निर्माणमा भैरहेको ढिलासुस्ती प्रति विशेष ध्यानाकर्षण गराउँदछौं ।

तिनपिप्ले ओखरपौवा कुमरी कोल्पुटार गल्छि बैकल्पिक राजमर्ग निर्माणमा भैरहेको ढिलासुस्ति प्रति बिशेष ध्यानाकर्षण गराउदछौ ।

**तपसिल :**

१) अर्जुन नरसिंह के.सी -प्रतिनिधि सभा सदस्य नुवाकोट -२

२) हित बहादुर तामाङ -प्रतिनिधि सभा सदस्य नुवाकोट -१

३) बिमला सुवेदी -प्रतिनिधि सभा सदस्य नुवाकोट

४) जगदिश्वर नरसिंह के. सी संबिधानसभा सदस्य नुवाकोट

५) सिता मिजार -प्रतिनिधि सभा सदस्य नुवाकोट

| S.N | Description | Details |
|---|---|---|
| 1 | Name of Project and contract No. | Balaju-Ranipauwa-Trisuli Road Improveme Project,**Ranipauwa -Pipaltaar Section** Upgrading work<br>***RIP/337133/BRT-16/2070-071*** |
| 2 | Name of Contractor | M/s Dinesh Chandra/ Nagarjun/Koshi and Neupane JV |
| 3 | Contract Signed Date | 22$^{th}$ June 2015 |
| 4 | Commencement of Works | 6$^{th}$ March,2016 |
| 5 | Initial Completion Date | 5$^{th}$ March 2018 (730 Days) |
| 6 | Time Extension | |
| | 1st Time Extension | 6$^{th}$ March 2018-3$^{rd}$ October 2018 (212 Da |
| | 2$^{nd}$ Time Extension | 4th October 2018-8$^{th}$ October, 2019 (370 Days) |
| | 3$^{rd}$ time extension | Up to 29 Dec,2020(14 Paush,2077) |
| | Total Extended days | 999 days |
| | Total Time periods in days | 1729 days |
| 7 | Length of Road | 34.090 Km |
| 8 | Estimated Amount | NRs. 803,715,965.71 (Including VAT) |
| 9 | Initial Contract Amount | NRs. 443,462,409.35(Including VAT) |
| 10 | Revised Contract` Amount after VO | NRs. 504,296,595.59 (Including VAT) |
| | VO% | 13.72% |
| 11 | Financial Progress up to July 2019 | 41.13% |
| 12 | Physical Progress (As per Original BOQ) | |
| | July, 2020 | 46% |

| | | |
|---|---|---|
| 13 | Contract Terminated at | Ashad 9,2077(23rd June,2020) |
| 14 | The High Court Patan has issued a stay order to Proj for not forfeit the Performance Bond and not to implement the Blacklist procedure | 2077.03.16 |
| 15 | High court Patan dismiss the appeal submitted by th contractor | 2078.12.16 BS after a lapsed of 21 months |
| 16 | PPMO issued Blacklist Notice | 25 July,2022 for 3 years |
| 17 | Project office prepared valuation of works at the da of termination and claim was made to the contracto of amount. | Nrs .74,77,20,211.35 |
| 18 | Project is now finalizing the estimate of remaining works other necessary additional works to complete the construeuction works | Nrs, 1,78,00,00,000.00 Approximately |
| 19 | % increment of project cost comparing with old estimate | 121.47% |
| 20 | Forfeited amount as a performance Guarantee(Agriculture Development Bank ,Ranipau Branch) | Nrs. 2,22,00,000.00 |
| 21 | Budget for the completion of remaining works will b fulfilled by | Request made for Funding of Exim Bank o India. |

**Work Status Up to June, 2020**

| SN. | Items of Work | Unit | Total Qty. | Completed Qty. | Remaining Qty. |
|---|---|---|---|---|---|
| 1 | Back cutting | Km | 34.09 | 23 | 11 |
| 2 | Retaining Structure | Cum | 12987 | 12032 | 955 |
| 3 | Side Drainage works | Km | 34.09 | 8 | 26 |
| 4 | Cross Drainage works | Nos | 110 | 80 | 30 |

| | | | | | |
|---|---|---|---|---|---|
| 5 | Sub Base Laying | Km | 34.09 | 8 | 26 |
| 6 | Base Laying | Km | 34.09 | 2 | 32 |
| 7 | DBSD | Km | 34.09 | 0 | 34 |